नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय सुर्खेत

( मुद्दा फाँट )

☎ ०८३-५२०१८८

इमेल: surkhet@dolma.gov.np

प.सं.-२०८२/०८३ च.नं. १८१ मिति: २०८२/०४/१२ गते

**विषयः सूचना टाँस गरी जानकारी पठाई दिने बारे ।**

श्री सुर्खेत जिल्ला अदालत, सुर्खेत ।

श्री जिल्ला प्रशासन कार्यालय, सुर्खेत ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेत ।

श्री चौकुने गाउँ कार्यपालिकाको कार्यालय, सुर्खेत ।

श्री चौकुने गाउँपालिका १ नं. वडा कार्यालय, सुर्खेत।

श्री जिल्ला प्रशासन कार्यालय, कैलाली ।

श्री बर्दगोरीया गाउँ कार्यपालिकाको कार्यालय, कैलाली।

श्री बर्दगोरीया गाउँपालिका २ नं. वडा कार्यालय, कैलाली।

श्री राष्ट्रिय दैनिक पत्रिका, विरेन्द्रनगर, सुर्खेत ।

प्रस्तुत विषयमा जिल्ला सुर्खेत चौकुने गाउँपालिकाले सुर्खेत जिल्ला साविक बासपानी गाउँपञ्चायत वडा नं.-८ हाल चौकुने गाउँपालिका वडा नं.-१ मा स्थायी बसोवास गरेकी मृतक ज.ध. पवित्रा ठकुरानीको नाममा दर्ता कायम सुर्खेत जिल्ला साविक बासपानी वडा नं. ८ग कि.नं. ९ क्षे.फ. ८-१-३ अपुताली जग्गा चौकुने गाउँपालिकाको नाममा हक हस्तान्तरण गरी जग्गाधनि दर्ता प्रमाण पुर्जा पाउँ भनि निवेदन पेश गरेकोमा काम कारवाहीको सिलसिलामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय भएकाले १(एक) प्रति सूचना यसै पत्रसाथ संलग्न राखि पठाईएको छ। सो सूचना तहाँको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी पठाईदिनु हुन अनुरोध छ ।

............

(जनक बहादुर हमाल)

मालपोत अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# मालपोत कार्यालय सुर्खेत

☎ ०८३-५२०१८८
इमेल: surkhet@dolma.gov.np

प.सं. ०८२/०८३ च.नं. १८१ मितिः २०८२/०४/१२ गते

## *मालपोत कार्यालय सुर्खेतबाट जारी भएको अपुताली जग्गा हक हस्तान्तरण गर्न हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।*

जिल्ला सुर्खेत बासपानी गाउँ पंचायत वडा नं.-८ हाल चौकुने गाउँपालिका वडा नं.-१ स्थायी घर भै हाल जिल्ला कैलाली बर्दगोरिया गाउँपालिका वडा नं. २ कुम्भीयामा बस्ने कृष्ण बहादुर बमको नाति बज्जीर सिंह बमको छोरा वर्ष ७३ को उपेन्द्र बहादुर बमले चौकुने गाउँपालिका वडा नं.-१ मा दिएको निवेदन बमोजिम साविक बासपानी गाउँ पञ्चायत वडा नं. ८ स्थायी निवासी बालसिंह बमको नाती/नातिनी बुहारी हरिसिंह बमको छोरा/बुहारी कुलराज बमको मिति १९९५/०७/०५ मा र निजको एकमात्र श्रीमती पवित्रा ठकुरानी आफ्नै कालगतीले मिति २०३५/०७/१५ गते चौकुने गाउँपालिका वडा नं. १ मा मृत्यू भएको निज दम्पतिबाट कुनै पनि सन्तानको जायजन्म नभएको भनि चौकुने गाउँपालिका वडा नं. १ को च.नं. १ र २ मिति २०७७/०८/१५ को प्रमाणित सम्बन्धको पत्रले खुल्न आएकोमा चौकुने गाउँ कार्यापालिकाको कार्यालय गुटु सुर्खेतको च.नं. २० मिति २०८२/०४/०६ को हक हस्तान्तरण सम्बन्धको पत्र बमोजिम मृतक ज.ध. पवित्रा ठकुरानीको नाममा दर्ता कायम साविक बासपानी गाउँ पञ्चायत वडा नं. ८ग को कि.नं. ९ क्षे.फ. ८-१-३, ८क कि.नं. १३ र १४ क्षे.फ. ३-५-३.७५ र २-१३-२.५/२ ज.वि मध्ये कि.नं. ९ क्षे.फ. ८-१-३ ज.वि. जग्गा मात्र चौकुने गाउँपालिकाको नाममा हक हस्तान्तरण गर्न भनि ले.सा. अधिवक्ता दिलराज गौतम (प्र.प.नं.११७३०) द्वारा मिति २०८२/०३/२४ मा जिल्ला कैलाली बर्दगोरिया गापा वडा नं. २ कुम्भीया बस्ने स्वर्गीय शेर बहादुर बमको छोरा बुहारी स्वर्गीय दानबहादुर बमको पत्नी वर्ष ८५ को मायादेवी बम, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती जहर सिंह बमको छोरा वर्ष ८६ को बम बहादुर बम ठकुरी, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती बजिर सिंह बमको छोरा वर्ष ७३ को उपेन्द्र बहादुर बम, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती गगन सिंह बमको छोरा वर्ष ८१ को कमलसिंह बम्ब, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती मान बहादुर बमको छोरा वर्ष ६४ को हिरा सिंह बम, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती केशर सिंह बमको छोरा वर्ष ६४ को ठक्कर बहादुर बम ठकुरी, ऐ.ऐ. बस्ने चन्द्रभान सिंह बमको नातिनीबुहारी बर्मसिंह बमको जेठी छोरा बुहारी एकेन्द्र बहादुर बमको पत्नी उमादेवी बम, ऐ.ऐ. बस्ने ऐ.ऐ. को नाती बर्म सिंह बमको छोरा वर्ष ७१ को देव बहादुर बम गरी आठजनाले हामी ३ पुस्ता जेठा बाजे कृष्ण बहादु बम माइला बाजे कुलराज बम र कान्छा बाजे चन्द्रभान सिंह बम तिनै मूल पुस्ताका हकवालाहरू आगे हामी हकवाल अंशियारहरुको माथि उल्लेखित तीनभाई मुल पुस्ताहरू माइला बाजे/ससुरा कुलराज बम र बजै पवित्रा ठकुरानीको कुनै सन्तान जन्म नभई निसन्तान अवस्थामा बाजेको मिति १९९५/०७/०५ मा र बजैको मिति २०३५/०७/१५ मा मृत्यू भएकोले मृतक माइली बजै पवित्रा ठकुरानीको नाममा दर्ता कायम माथी उल्लेखित कि.नं. हरुको जग्गा मध्ये साविक बासपानी गाउँ पञ्चयात वडा नं. ८ग कि.नं. ९ क्षे.फ. ८-१-३ ज.वि. भएको जग्गा चौकुने गाउँपालिकाको नाममा दाखा गर्न पुर्ण मन्जुरी छौं भनि कैलाली जिल्ला बर्दगोरिया गाउँपालिका वडा नं. २ स्थित आफ्नै गाउँमा बसि संयूक्त मन्जुरीनामा लेखि लेखाई दायाबाया बुढीऔंला औंठाछाप सहित सहिछाप गरेकोले चौकुने गाउँकार्यापालिका कार्यालयको च.नं. २० मिति २०८२/०४/०६ को हक हस्तान्तरण सम्बन्धको पत्र साथ तपसिल बमोजिमको जग्गा चौकुने गाउँपालिकालाको नाममा हक हस्तान्तरण गरी पाउँ भनि यस मालपोत कार्यालयमा द.नं.२३९ मिति २०८२/०४/०७ मा निवेदन मागदावी रहेकोमा उक्त जग्गामा माथि उल्लेखित मन्जुरीनामा दिएका बाहेक अन्य कसैको हक दावी भए वा हक हस्तान्तरण माग गरेको जग्गा चौकुने गाउँपालिका नाममा हक हस्तान्तरण गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लेखित

प्रमुख मालपोत अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय सुर्खेत
☏) ०८३-५२०१८८
इमेल: surkhet@dolma.gov.np

प.सं. ०८२/०८३ च.नं. १८९ मिति: २०८२/०४/१२ गते

कित्ता जग्गाको हकमा नामसारीको लागि यस पुर्व मिसिल भिडाई नामसारी प्रक्रियामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५(पैंतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला। तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे चौकुने गाउँपालिकाको माग दावीलाई स्वीकार गरेको मानि कानून बमोजिम जग्गा हक हस्तान्तरण भई जानेछ र यस बिषयमा पछि कसैको कुनै दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

तपशिल:

| गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नाम | निवेदकको नाम |
|---|---|---|---|---|---|
| बासपानी | ८ग | ९ | ८-१-३ | पवित्रा ठकुरानी | चौकुने गाउँपालिका, गुट्टु, सुर्खेत |

मालपोत अधिकृत